निर्णय नं. १-६

आज मिति २०७८।०५।०९ गतेका दिन यस मेल्लेख गाउँपालिकाका अध्यक्ष श्री लोक बहादुर बोहरा ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसि तपशिल बमोजिमका निर्णयहरु पारित गरियो ।

उपस्थितिः

| क्र.स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री लोक बहादुर बोहरा | अध्यक्ष | |
| २ | श्री धन बहादुर शाह | उपाध्यक्ष | |
| ३ | श्री तुले धामी | वडा अध्यक्ष (१) | |
| ४ | श्री दान बहादुर बुढा | वडा अध्यक्ष (२) | |
| ५ | श्री केशर बहादुर शाह | वडा अध्यक्ष (३) | |
| ६ | श्री बिर बहादुर साउद | वडा अध्यक्ष (४) | |
| ७ | श्री रमेश बहादुर खड्का | वडा अध्यक्ष (५) | |
| ८ | श्री नरपति रावल | वडा अध्यक्ष (६) | |
| ९ | श्री नर बहादुर साउँद | वडा अध्यक्ष (७) | |
| १० | श्री खक्रिन्द्र बहादुर साउँद | वडा अध्यक्ष (८) | |
| ११ | श्री कमलादेवी ताम्राकार | का.पा. सदस्य | |
| १२ | श्री जमुनादेवी दमाई | का.पा. सदस्य | जमुना |
| १३ | श्री नरेन्द्र नेपाली | का.पा. सदस्य | |
| १४ | श्री डिला देवी बुढा | का.पा. सदस्य | डिला |
| १५ | श्री कुइचे लुहार | का.पा. सदस्य | कुइचे |
| १६ | श्री हिमसरा खड्का | का.पा. सदस्य | |
| १७ | श्री दिर्घ बहादुर खड्का | सदस्य सचिव | |

Scanned with CamScanner

प्रस्तावहरू:

१). १५ शैय्या अस्पताल संचालक समिति गठन सम्बन्धमा ।
२). ग्राम उद्योग संचालक समिति गठन सम्बन्धमा ।
३). कृषि उद्योग संचालन सम्बन्धमा ।
४. विद्यालय कार्यालय सहयोगी सम्बन्धमा ।
५). गाउँ प्रहरी कार्यविधि सम्बन्धमा ।
६). वैकल्पिक शिक्षा सम्बन्धमा ।
७). विविध सम्बन्धमा ।

निर्णयहरू:

निर्णय नं. १:

प्रस्ताव नं. १ माथि छलफल गर्दा मेल्लेख गा.पा. अन्तर्गत सञ्चालन हुने १५ शैय्या अस्पताल संचालनका लागि गठन हुने संचालक समितिका लागि प्रस्ताव पेश गर्न तपशिल बमोजिमको सुझाव संकलन समिति गठन गरी उक्त समितिले आफ्नो लिखित सुझाव गाउँपालिका कार्यालयमा १० (दश) दिनभित्र बुझाउने निर्णय पारित गरियो ।

तपशिल:

1). वीर ब. साउँद — वडाध्यक्ष वडा नं. ४
२). रमेश ब. खड्का — " " " ५
३). खविन्द्र ब. साउँद — " " " ८
४). नरेन्द्र नेपाली — का.पा. सदस्य
५). कमलदेवी ताम्राकार — " "

निर्णय नं. २:

प्रस्ताव नं. २ माथि छलफल गर्दा मेल्लेख गा.पा. अन्तर्गत संचालन हुने ग्राम उद्योग सञ्चालनका लागि गठन हुने संचालक समितिको लागि प्रस्ताव पेश गर्न तपसिल बमोजिमको सुझाव संकलन समिति गठन गरी उक्त समितिले आफ्नो लिखित सुझाव गाउँपालिका कार्यालयमा १० (दश) दिनभित्र बुझाउने निर्णय पारित गरियो ।

तपसिल:

१). नरपती रावल
२). नर ब. साउँद
३). दान ब. बुढा
४). जमुनादेवी दमाई

निर्णय नं. ३:

प्रस्ताव नं. ३ माथि छलफल गर्दा मेल्लेख गा.पा. वडा नं. ३ दर्वामा सञ्चालन हुने कुटिर उद्योगका लागि गठन हुने सञ्चालक समितिको प्रस्ताव पेश गर्ने तपसिल बमोजिमको सुझाव संकलन समिति गठन गरी उक्त समितिले आफ्नो लिखित सुझाव १० (दश) दिन भित्र गाउँकार्यपालिकाको कार्यालयमा बुझाउने निर्णय पारित गरियो।

निर्णय नं. ४:

प्रस्ताव नं. ४ माथि छलफल गर्दा विद्यालय कार्यालय सहयोगी हरुको निवेदन उपर कार्वाहीका लागि केही समय छलफलका लागि आवश्यक हुँदा छलफल गरी आवश्यक निर्णय लिने निर्णय पारित गरियो।

निर्णय नं. ५:

प्रस्ताव नं. ५ माथि छलफल गर्दा मेल्लेख गाउँपालिकाको सुरक्षा, शान्ति सु-व्यवस्थाका लागि गाउँ प्रहरी गठनका लागि आवश्यक अध्ययन गरी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय पारित गरियो।

निर्णय नं. ६:

प्रस्ताव नं. ६ माथि छलफल गर्दा मेल्लेख गा.पा. अन्तर्गत शिक्षा क्षेत्रलाई सक्रिय बनाइराख्न तथा सिकाई क्रियाकलाप निरन्तरता दिन वैकल्पिक माध्यमबाट शैक्षिक गतिविधिहरु सञ्चालन गर्ने र उक्त शैक्षिक गतिविधिहरुको रेखदेख सम्बन्धित वडाध्यक्षहरुले गर्ने निर्णय पारित गरियो।

निर्णय नं. ७:

~~निर्णय प्रस्ताव नं.~~ ७ 'क'

प्रस्ताव नं. ७ 'क' माथि छलफल गर्दा यस मे.गा.पा. को रोजगार सेवा केन्द्रमा कार्यरत रोजगार संयोजक श्री विवेक भण्डारी र प्राविधिक सहायक श्री खविराज रवड्काको मन्त्रालय-बाट प्राप्त पत्रानुसार मिति २०७७/०४/०१ देखि २०७८ असार मसान्त सम्म करार अवधि थप गर्ने निर्णय पारित गरियो।

निर्णय नं. ८ 'ख'

प्रस्ताव नं. ८ माथि विविध छलफल गर्दा स्थानीय उत्पादन/सामग्रीलाई प्रवर्द्धन गर्ने उद्देश्यका साथ कृषि तथा पशुपंक्षी जन्य उत्पादनहरुको मूल्यसूची पेश गर्न स्थानीय उत्पादकहरुलाई आह्वान गर्ने तथा सोही बमोजिम स्थानीय उत्पादन खरिद गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. ८ 'ग'

प्रस्ताव नं. ८ 'ग' माथि विविध छलफल गर्दा सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार नियमावली, २०७७ को नियम १४ को उपनियम (१) मा व्यवस्था भए अनुसार सुरक्षित गर्भपतन सेवा उपलब्ध गराउन सूचीकृत हुन चाहने स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीले स्थानीय तह अन्तर्गत सञ्चालित वा स्थानीय तहबाट इजाजतपत्र प्राप्त गरेका स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीले सम्बन्धित स्थानीय तह वा स्थानीय तहले तोकेको निकायमा निवेदन दिनुपर्ने व्यवस्था भएकोले निवेदन दिने व्यक्ति वा संस्थाले गाउँपालिकाको स्वास्थ्य शाखामा निवेदन दिनुपर्ने निर्णय गरियो । साथै, सो को प्राविधिक मूल्याङ्कन र प्रकृयाको लागि स्वास्थ्य शाखालाई जिम्मेवारी दिने र प्रमाणपत्र सम्बन्धी अन्तिम निर्णय दिने तथा निर्णय सदर गरी प्रमाणपत्र दिने जिम्मेवारी हे.अ. नृप बहादुर ...लाई दिने निर्णय गरियो ।

Scanned with CamScanner